को हुन चन्द्र ढकाल । पृष्ठ ६ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१३, ● अंक-२० ● २०७७ मंसिर १५ गते सोमबार, ● 30 Nov. 2020, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## विकासमा फड्को, नागरिकमा खुशीयाली

# थाहामा १५ शैय्या अस्पताल



पन्ध्र शैय्या अस्पतालको अग्र भागको डिजाइन ।

विकास संवाददाता
थाहा नगर

मकवानपुर थाहा नगरपालिकामा १५ शैय्याको अस्पताल निर्माण हुने भएको छ। संघीय सरकारको सहयोगमा थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पा डाँडामा अस्पताल निर्माण हुने भएको हो। अस्पतालको १५ मंसिरमा मकवानपुर क्षेत्र नम्बर २ मा सांसद विरोध खतिवडाले शिलान्यास गर्ने कार्यक्रम रहेको छ। कार्यक्रममा मकवानपुर-२ (क) का सांसद कुमारी मोक्तानको विशेष आतिथ्यता रहने कार्यक्रम छ। थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरेर १५ शैय्याको अस्पताल बनाइने नगर प्रमुख लवशेर विष्टले जानकारी दिए।

थाहा अस्पताल निर्माणका लागि नगरपालिकाले मन्त्रालयको मापदण्डमा रहेर विस्तृत परियोजना प्रस्ताव (डिपीआर) तयार गरिसकेको छ। डिपिआर पिस कन्सल्ट प्रा.लि. ललितपुरले गरेको हो। स्वास्थ्य संस्थाको डिपिआर निर्माणमा अनुभवी पिसले बनाएको विस्तृत परियोजना प्रस्ताव (डिपीआर) अनुसार थाहा अस्पतालमा दुई वटा फ्लोर हुनेछन्। 'फस्ट फ्लोर' मा इमरजेन्सी सेवासहित प्रसुति वार्ड रहने नगर प्रमुख लवशेर विष्टले जानकारी दिए। प्रसुति वार्ड अन्तर्गत डेलिभरी रूम, शिशु स्याहार कोठा, उत्तर प्रसुति सेवा कक्षलगायत पर्दछन्। 'फस्ट फ्लोर'मै शल्यक्रिया कक्ष (अपरेशन थिएटर) बहिरंग सेवा, रजिष्ट्रेशन, सोधपुछ, रिसेप्सन, फर्मेसी, टि.बी.को डट्स कक्ष, 'न्युटेशन कर्नर' खोप कक्षलगायत हुनेछन्। त्यस्तै फस्ट फ्लोरका लागि नर्सिङ स्टेशन र डाक्टर रूम पनि सोही फ्लोरमै रहने प्रमुख विष्टले जानकारी दिए। त्यस्तै 'सेकेण्ड फ्लोर'मा महिला पुरूष छुट्टा छुट्टै वार्डहरू रहने छन्। 'सेकेण्ड फ्लोर 'मै दुई वटा क्वाबिन समेत रहने गरी थाहा अस्पतालको डिपीआर गरिएको छ। यस फ्लोरमा ब्लड बैंक, नर्सिङ स्टेशन र डाक्टर रूम, बैठक कक्ष तथा प्रशासनिक कोठा समेत रहने छन्। एउटा लिफ्ट सहितको अस्पतालको पछाडिको भागबाट न्याम पनि राखिने छ। प्रत्येक कोठा अपांगमैत्री, सिसिटिभी सहितको व्यवस्थित हुनेछन्। अस्पताल परिसरमा ग्रिनरीपार्क, व्यवस्थित चमेना गृह, अस्पतालमा विद्युतीय पावर ब्याकअप, आस्मिक अग्नि नियन्त्रणका उपकरणहरू लगायतको व्यवस्था हुने डिपीआरमा समेटिएको छ।

नेपाल सरकारको नाममा रहेको उक्त जग्गा थाहा नगरपालिकाले लिजमा लिएर अस्पताल निर्माण गर्न लागेको हो। जग्गा लिजका लागि ११ मंसिरमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बसेको बैठकले निर्णय गरी जग्गा सिफारिस भैसकेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालले जानकारी दिए।

**यसैबीच** थाहा अस्पताल हाललाई १५ शैय्याको योजना बनाएर निर्माण गरिने भएपनि ३ सय शैय्याको साइड प्लान बनाइएको छ। क्याम्पा डाँडाको सबै क्षेत्रलाई ओगट्ने गरी ३ सय शैय्याको अस्पताल बनाउनको लागि थाहा नगरपालिकाले साइड प्लान गरेको नगर प्रमुख लवशेर विष्टले जानकारी दिए। कैलाश, इन्द्रसरोवर तथा भिमफेदी गाउँपालिकाको समेत केही भागका नागरिकहरू अहिले पनि थाहानगरकै स्वास्थ्य संस्थाबाट सेवा लिइरहेको बताउँदै ति सबै नागरिकका लागि समेत ध्यानमा राखेर थाहा अस्पताल १५ शैय्या मात्र नभई तीनसय शैय्याको बनाउने भावी योजना रहेको प्रमुख विष्टले बताए। अस्पताल छिटो भन्दा छिटो निर्माण गर्ने विष्टको प्रतिवद्धता रहेको छ।

नेपाल सरकार सचिवस्तरको २०७७ साउन २८ को निर्णय अनुसार थाहानगरमा अस्पताल निर्माण हुन लागेको हो। निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ असोज १८ गते स्थानीय तहको स्वास्थ्य संस्था स्तरोन्नती गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेखेको थियो। उक्त पत्रमा १५ शैय्याका अस्पताल निर्माणको लागि १ करोड रूपियाँ बजेट पठाइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तथ्याक अधिकृत सुर्य बहादुर थापाले जानकारी दिए। सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले थाहा नगरपालिकालाई अस्पताल निर्माण कार्यान्वयन गर्न १८ असोजमै पत्र पठाइएको मन्त्रालयका लेखा अधिकृत उमेश्वर प्रसाद काफ्लले जानकारी दिए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्रोत सुनिश्ति सहित १५ मंसिरमा शिलान्यास गर्नको लागि २८ कात्तिकमा पुनः पत्राचार गरेको थियो। थाहा नगरपालिकाको सहित मुलुकभरका ३ सय ९६ अस्पताल शिलान्यास गर्नका लागि स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डाक्टर गुणराज लोहोनीले पत्र लेखेका हुन्। मन्त्रालयको निर्णयानुसार मकवानपुरमा थाहा नगरपालिका र मनहरी गाउँपालिकामा १५/१५ शैय्या, कैलाश र राक्सिराङ गाउँपालिकामा १०/१० र इन्द्रसरोवरमा ५ शैय्याको अस्पताल निर्माण गर्न बजेट पठाइएको डाक्टर लोहोनीले बताए। थाहा नगरपालिकामा १८ करोड ६ लाख ८२ हजार रूपियाँ कुल लागतमा अस्पताल निर्माण हुने गरी मन्त्रालयले बजेट अनुमान गरेको छ। चालु आर्थिक वर्षमा कुल लागतको ५ दशमलव ५ प्रतिशत मात्र बजेट मन्त्रालयले निकासा गरेको पत्र थाहालाई पठाएको छ। थाहानगरको लागि चालु आर्थिक वर्षमा १ करोड रूपियाँ मात्र निकासा भएको हो।

त्यस्तै मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाका लागि ८५/८५ लाख तथा इन्द्रसरोवरको लागि ७० लाख रूपियाँ चालु आर्थिक वर्षमा मन्त्रालयले निकासा गरेको डाक्टर लोहोनीले बताए। भवन निर्माण स्वास्थ्य मन्त्रालयबाट स्वीकृत आधारभूत भवन निर्माण सम्बन्धी निर्देशिका, २०७७ र स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७३ (पहिलो संशोधन २०७७) अनुरूप बनाउनु पर्ने छ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

**जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।**

**थाहा नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
***इन्द्रायणीचौर, मकवानपुर***

## नेपाल सरकारको सूचना !

**दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी सूचना**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार कार्यक्रम सञ्चालन भैरहेको छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार गर्नुपरेमा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**राष्ट्रपति महिला उत्थान समन्वय इकाई,**
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।
सम्पर्क व्यक्ति : अन्जु ढुङ्गाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क नं. : ९८५१२५५२५४
इमेल : pum.mowcsc@gmail.com

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## • सम्पादकीय •

### ‘थाहा अस्पताल’ सकारात्मक कदम

यसवर्ष मात्र देखिएको कोरोना मात्र होइन अन्य रोगको उपचारका लागि केन्द्रको अवस्था नै बेहाल छ । झन यस्तो बेला गाउँतिर के होला ? नगरकै पनि दुर दराजका नागरिकको स्वास्थ्य कस्तो हाला ? अनुमान मात्र गर्न सकिन्छ । कोरोनाको महामारीले दुर्गम/सुगम भन्दैन तर सुगममा प्राय: सबैको ध्यान जान्छ र शक्तिकेन्द्रले दिने राहत पनि त्यहीँ मात्र केन्द्रित छ। ग्रामीण क्षेत्र सधैँ छायाँमा परेको छ। यस्तो उकुसमुकुसकै अवस्थामा सरकारले प्रस्ताव गरेको प्रत्येका स्थानीय तहमा आस्पतालका लागि स्रोतसाधनको व्यवस्थापन भएको जानकारीबाट ढिलै भए पनि सरकारले एउटा राम्रो कामको थालनी गरेको छ । संघीय सरकारको यो अभियानमा स्थानीय तहले काँध मिलाउने परिपाटी स्वास्थ्यको आशलाग्दो आधार हो । ढिलो यसकारणले कि त्यस्तो सुविधा नभएका कारण ग्रामीण भेगका जनताले उपचारबिना नै ज्यान गुमाएका समाचार दिनहुँ आइरहेका छन् । कोरोनाले ज्यान लिन थालकै पनि पूरै ६ महिना बितेको छ भने कोरोना पहिलोपटक देखिएको त १० महिना भयो । तर ग्रामीण क्षेत्रमा अस्पताल निर्माणको कुनै तर्खर भएन । हालै स्थानीय तहमा चार सयवटा अस्पतालका लागि बजेट नै विनियोजन भयो । यो सकारात्मक पक्ष हो । त्यसै पनि सरकारले मसिर १५ मा प्रस्तावित अस्पतालहरूको शिलान्यास गर्ने कार्यक्रम सार्वजनिक गरिसकेको छ । थाहा नगरपालिकामा पनि १५ शैय्याको अस्पातालको शिलान्यास हुँदैछ ।

त्यसका लागि अर्थ मन्त्रालयले स्थानीय तहमा तीन सय ९६ वटा आधारभूत अस्पताल निर्माण गर्न करिब ५८ अर्ब रुपैयाँ पठाउने व्यवस्था गरेको छ । यसको उद्देश्य कोरोना महामारीको चपेटामा परेका नागरिकलाई सहजरूपमा स्वास्थ्य उपचारको व्यवस्था गर्नु नै हो। तत्कालका लागि ग्रामीण भेगमा आधारभूत अस्पताल निर्माणको थालनी पनि धेरै नै महत्वको विषय हो । प्रस्ताव भएको यो ५७ अर्ब ९७ करोड ११ लाख ९० हजार रुपैयाँले तिनको निर्माण कार्यमा सघाउ पुऱ्याउन कुरामा दुईमत छैन । यो भनेको स्वास्थ्य सेवाको आधारभूत कामको थालनी पनि हो । यसलाई स्थानीय सरकारले विशेष पहल गरे भने यो थालनीले निकट समयमा नै मूर्तरूप लिनेछ । यस कार्यका लागि थाहाले जग्गा प्राप्ती लगायतको काम प्रारम्भ गरेर उदाहरण प्रस्तुत गरिसकेको छ ।यस कार्यका लागि नगर प्रमुख लवशेर विष्टसहित उनको टिम धन्यवादका पात्र हुन् ।

अस्पताल भनेको भवन मात्र होइन तर भवन नभई अस्पताल पनि हुँदैन । अहिलेको थालनीको अर्को सकारात्मक पक्ष के हो भने सरकारले असोजको अन्त्यमा यो कार्यक्रम ल्याएको थियो । नयाँ अर्थमन्त्रीको करिब–करिब पहिलो घोषणा थियो र घोषणा भएको समयमै कामको थालनी पनि हुनेभयो । सरकारी घोषणाको यति छिटै कार्यान्वयन पनि एउटा सकारात्कम थालनी हो। संघीय सरकारको घोषणा कार्यान्वयन गर्ने स्थानीय तहको बहादुरी हो । अर्थ मन्त्रालयले जनाएअनुसार यति संख्याका स्थानीय तहमा आगामी दुई वर्षभित्र ५, १० र १५ शैय्याका आधारभूत अस्पताल निर्माण सम्पन्न हुनेगरी बजेटको यस्तो व्यवस्था गरिएको हो । यी बहुवर्षीय प्रक्रियाअन्तर्गत भएका हुँदा काम निरन्तर चलिरहने बताइएको छ। अर्थ मन्त्रालयले यो स्रोत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वार्षिक बजेटमा समावेश गरी स्थानीय तहमा सशर्त अनुदानका रूपमा उपलब्ध गराउने बताएको छ । संभवत: मकवानपुरमै अस्पताल निर्माणका लागि सम्पूर्ण तरहले लागि पर्ने स्थानीय तह थाहा नगरपालिका नै हो । अस्पताल निर्माणले नगरबासीमा जनताको सरकार आएको महशुस हुने छ भने स्थानीय सरकारले दायित्व पूरा गरेको ठहरिने छ । यसको ज्वलन्त प्रमाण नै ‘थाहा अस्पताल’ निर्माण प्रारम्भ हो ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कस्तो हुनुपर्छ स्थानीय सरकारका प्राथमिकता ?

खाद्यान्न, तरकारी, फलफूल, दूध, अन्डा, माछामासु नेपालमै उत्पादन र त्यसको बिक्री वितरणको व्यवस्थापन गरिनुपर्छ । कृषि क्षेत्रमा लगानी, कृषिजन्य उद्योगहरूको स्थापना र सञ्चालन, कोरोना रोकथामलगायतका माहामारीको नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रमा लगानी, आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार निर्माण तथा स्वास्थ्य उपकरणको परिपूर्ति गरी दिगो स्वास्थ्य क्षेत्रको व्यवस्थापन अहिलेको बजेटका प्राथमिकता बन्नु आवश्यक छ ।



चम्फासिंह भण्डारी

कोरोना भाइरसले विश्व मानव जातिलाई संकटग्रस्त बनाएको छ । विकसित र शक्तिसम्पन्न भनिएका मुलुकहरूले सबैभन्दा बढी पीडा बेहोरिरहेको अहिलेको सन्दर्भमा नेपालजस्तो मुलुकका लागि त झनै कष्टकर बनेको छ ।

भर्खर राजनीतिक स्थिरतातर्फ पाइला चालिरहेको र अर्थतन्त्रको जग निर्माणको अभियानमा जुटेको छ नेपालले यही बीचमा विनाशकारी भूकम्पको पीडा बेहोर्नुपऱ्यो । अहिले कोरोनाविरूद्धको लडाइँमा सिंगै मुलुक रहेको छ । यो समय कति लामो रहन्छ, अनुमान गर्न कठिन छ ।

यो पृष्ठभूमिमा हामीलाई महामारीको अवस्था र कोरोनापछिको अवस्थाबारे पर्याप्त छलफल र विश्लेषण गर्ने, क्षतिको अनुमान गर्ने र क्षतिलाई कसरी पूर्ति गर्न सक्छौं भन्ने सन्दर्भमा व्यापक छलफल र विश्लेषण गर्ने अवसरका रूपमा लिनु जरूरी छ ।

जनताबाट निर्वाचित पालिकाहरूले अर्थव्यवस्थालाई कसरी बचाउने भन्ने विषयमा निष्कर्षमा पुग्नुपर्नेछ भने नेपाली नागरिकलाई कसरी कोरोनाबाट बचाउने भन्ने स्वास्थ्य रणनीति तयार गरी सोहीअनुरुपको योजना बनाई कार्यान्वयन गर्ने अवसर पनि प्राप्त गरेको छ । वर्तमान संकटबाट पार पाउन सक्ने र त्यसले नेपाली अर्थतन्त्रलाई ओरालो लाग्नबाट जोगाई नेपालको कुल गार्हस्थ उत्पादनलाई बढाउने, काम नपाएर बेरोजगार बनेका युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने काममा जोड दिनु आवश्यक छ । कम्तीमा खाद्यान्न, तरकारी, फलफूल, दूध, अन्डा, माछामासु नेपालमै उत्पादन र त्यसको बिक्री वितरणको व्यवस्थापन गरिनुपर्छ । कृषि क्षेत्रमा लगानी, कृषिजन्य उद्योगहरूको स्थापना र सञ्चालन, कोरोना रोकथामलगायतका माहामारीको नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रमा लगानी, आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार निर्माण तथा स्वास्थ्य उपकरणको परिपूर्ति गरी दिगो स्वास्थ्य क्षेत्रको व्यवस्थापन अहिलेको बजेटका प्राथमिकता बन्नु आवश्यक छ ।

### राहतलाई श्रमसँग जोड्ने र पारिश्रमिकको व्यवस्थापन

अहिले सबै स्थानीय तहहरूमा रहेका नागरिक बन्दाबन्दीका कारण रोजगारीविहीन, कामविहीन बन्न पुगेका छन् । अधिकांश छिमेकी भारत र तेस्रो मुलुकमा रोजगारीमा गएका नेपाली युवाहरू कति फर्किइसकेका छन् भने कति फर्किने क्रममा छन् ।

उनीहरूका लागि निर्माण गरिएका क्वारेन्टाइन व्यवस्थापन, बिरामीहरूको पहिचान तथा उपचारजस्ता खर्च र कामविहीन भएका श्रमिकलाई दैनिक गुजारा गर्न आवश्यक खाद्यान्नलगायत र ाहतका लागि स्थानीय सरकारहरूले निर्माण गरेका कोरोना नियन्त्रण तथा उपचार कोषको रकम, प्रदेश सरकारबाट प्राप्त रकम र संघीय सरकारको कोषबाट प्राप्त हुने रकमबाहेक अन्य राहतमा खर्च गर्न नपाइने व्यवस्था गर्नु अहिलेको आवश्यकता हो ।

राहत तथा उपचारका लागि स्थानीय सरकारलाई रकम अपुग भए प्रदेश तथा संघीय सरकारको कोषबाट माग गर्ने र राहतका लागि काम दिने, श्रम गर्न आउनेलाई राहत दिने सरकारको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारहरूले ध्यान दिनु जरूरी छ ।

### बजेटका प्राथमिकताहरू

यो वर्षको बजेट परिचालन गर्दा सबै पालिकाहरूले स्वास्थ्य क्षेत्रमा लगानी बढाउने र कृषि क्षेत्रलाई कृषिजन्य उद्योग स्थापना, कृषि उत्पादनको भण्डारण र बजारीकरणमा केन्द्रित गरी स्थानीय पालिकामा रहेका बेरोजगार युवा जनशक्तिलाई रोजगार दिने योजनामा ध्यान दिन विशेष निर्देश गर्ने, विपद् व्यवस्थापनलाई व्यवस्थित बनाउने र खर्च कटौतीलाई विशेष ध्यान दिँदै अनुत्पादक क्षेत्रमा लगानी नगर्ने कुरालाई प्रस्ट पार्नु जरूरी छ ।

### स्वास्थ्य क्षेत्रको सुधार र सुविधा सम्पन्न स्वास्थ्य संस्था निर्माण अनि परिचालन

अहिले हामी गम्भीर महामारीको चपेटामा छौं । यो कहिलेसम्म रहन्छ भन्ने कुरा यसले गर्ने क्षतिको अनुमान गर्न कठिन छ । यस्तो अवस्थामा हामीले हाम्रो लगानीलाई स्वास्थ्य क्षेत्रमा नयाँ अवसरका रूपमा ग्रहण गर्दै प्रत्येक पालिकाहरूमा सुविधासम्पन्न स्वास्थ्य संस्थाको निर्माण र परिचालनलाई पहिलो प्राथमिकता दिनुपर्छ ।

यस्ता महामारीहरू निरन्तर रूपमा हामीले भोग्नुपर्छ र आम नागरिकको जीवनरक्षा राज्यको दायित्व हो भन्ने कुरालाई गम्भीरताका साथ लिँदै स्वास्थ्योपचारका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, आवश्यक उपकरण व्यवस्थापन, दक्ष जनशक्ति निर्माण र परिचालनले मात्रै हामीले नागरिकको जीवन बचाउन सक्छौँ । यसका लागि आगामी आर्थिक वर्षको बजेट मूल रूपमा परिचालन गरी स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारको लगानी बढाउनु आवश्यक छ ।

### टोल विकास संस्थाको गठन र परिचालन

सबै स्थानीय तहमा टोल विकास संस्थाको निर्माण र परिचालन गरी पालिकाका रहेका श्रम गर्न सक्ने जनशक्ति, ज्येष्ठ नागरिक, फरक क्षमताका मानिसहरू, दीर्घरोगीहरू, एकल महिला तथा अभिावकविहीन बालबालिकाको अभिलेख व्यवस्थित गर्नु जरूरी छ ।

टोल विकास संस्थाहरू निर्माण गरी परिचालन गरियो भने उक्त टोलमा रहेको सबै किसिमको जनशक्ति, जनसंख्या, रोजगार, बेरोजगार, बाहिर गएर काम गर्ने वा स्वदेशमै काम गर्ने, को बाहिर गयो, को फर्केर आयो ? खेतीयोग्य जमिन कति ? पशुपक्षीपालनको अवस्था, स्थानीय स्रोत, सरकारी सेवा–सुविधामाथिको पहुँचजस्ता धेरै कुरालाई अभिलेखबद्ध बनाउन सकियो भने भविष्यमा आउने विपद् व्यवस्थापनमा स्थानीय पालिकाहरूलाई सहयोग तथा योगदान हुन सक्छ । यस दिशामा स्थानीय सरकारहरू केन्द्रित हुन आवश्यक छ ।

### युवा स्वयंसेवकहरूको गठन र परिचालन

एउटा पालिकाभित्र कम्तीमा एक सय जनासम्मका युवा स्वयंसेवक छनोट गर्ने, आवश्यक तालिमको व्यवस्था मिलाउने र तिनलाई सबै वडाहरूमा आवश्यक काममा खटाउने कार्यले एकातिर युवाहरू रोजगार हुनेछन् भने अर्कोतिर पालिकाहरूमा रहेको जनशक्तिको अभाव परिपूर्ति गर्ने, आवश्यक काममा खटाउन सकिने र विपद् व्यवस्थापनमा द्रुत रूपमा सेवा प्रदान गर्न सकिने अवस्थालाई ध्यानमा राखेर यो काम ज्यादै महत्वपूर्ण हुनेछ ।

यसलाई नियमित स्वयंसेवक वा आंशिक स्वयंसेवकका रूपमा परिभाषित गर्न सकिन्छ । यिनलाई पारिश्रमिकको व्यवस्थापन युवा स्वरोजगार कोष, प्रधानमन्त्री रोजगार कोष र मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम वा पालिका आफैले बनाएको रोजगार कोष निर्माण गरी त्यसलाई दिगो बनाउन सकिन्छ । युवा स्वयंसेवकहरूलाई छाडा पशु व्यवस्थापन, बजार व्यवस्थापन, दुर्घटना न्यूनीकरण, नदी नियन्त्रण, तटबन्ध निर्माणलगायतका अन्य वडागत प्रशासनिक काममा समेत योगदान गर्न सक्छन् । सामाजिक परिचालन, नगर सुरक्षा र सरसफाइजस्ता धेरै काममा पालिकाका पदाधिकारी तथा सदस्यहरूको सहयोगीको रूपमा काम गर्न सक्छन् ।

### उद्यमशीलता तालिम र उद्यम सञ्चालनमा अनुदान

स्थानीय सरकारहरूले स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन युवाहरूका लागि अभियानगत रूपमा उद्यमशीलता तालिम सञ्चालन गरिनुपर्छ । पालिकाका सबै वडाहरूमा कम्तीमा दुई सय जनालाई तालिम दिने र तालिम लिएकाहरूले छनोट गरेको उद्यम सञ्चालन प्रस्तावका आधार मा अनुदान प्रदान गरी कामको मूल्यांकन अनुगमनको व्यवस्थापन गरी अर्थतन्त्रलाई

बाँकी पेज ३ मा

## कस्तो हुनुपर्छ स्थानीय ....

गतिशील बनाउनु आवश्यक छ । यस प्रक्रियाले स्थानीय रूपमा रोजगारी सिर्जना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन योगदान गर्नेछ ।

स्वरोजगार सिर्जना गर्ने अवसरका रूपमा अहिलेको समयलाई उपयोग गर्ने र नेपाली युवाहरूलाई स्थानीय रूपमै रोजगार सिर्जना गर्न उद्यमशीलता तालिम र तालिममा सहभागीहरूले छनोट गरेका प्रस्तावका आधारमा उद्यम सञ्चालन गर्नका लागि एकल तथा सामूहिक अनुदान प्रदान गर्ने व्यवस्था आगामी बजेटमा गर्नु आवश्यक छ ।

### रोजगार कोष एवं विपद् व्यवस्थापन कोष निर्माण र परिचालन

कोभिड-१९ को महामारीले संसारलाई प्रभावित गरेजस्तै नेपालीहरू र नेपाली अर्थतन्त्र पनि प्रभावित भएको छ । देशभित्र र बाहिर गएर श्रम गर्ने र त्यसबाट प्राप्त रकमले जीवन सञ्चालन गर्ने युवा जनशक्ति अहिले निरन्तर बेरोजगारीको चपेटामा परिरहेको छ । यस्तो अवस्थामा हामीले बनाउने बजेट, नीति तथा कार्यक्रमलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी हाम्रा नीति, कार्यक्रम तथा बजेटलाई अघि बढाउन आवश्यक छ ।

आगामी बजेटमा स्थानीय सरकारहरूले रोजगार कोषको स्थापना गरी रोजगार सिर्जनाका कार्यक्रम तय गर्ने र निरन्तर रूपमा हामीले बेहोरिरहेका प्राकृतिक विपद्को सामना गर्न विपद् व्यवस्थापन कोष निर्माण र परिचालनको कार्यविधि बनाएर अघि बढ्नु आवश्यक छ ।

सानो विपद् आउँदा पनि अरूसँग हात थाप्नुपर्ने अवस्थाको अन्त्य गर्दै हामीले स्थानीय स्तरमै रोजगार कोष र विपद् व्यवस्थापन कोष निर्माण गरी हरेक वर्ष त्यो कोषलाई निरन्तरता दिने गरी व्यवस्थापन गर्न सके सहज रूपमा रोजगारी सिर्जना गर्न र सबै खालका विपद्को सामनामा सहजता ल्याउनेछ ।

### कृषिमा मल, बिउ र उपकरणमा अनुदान

कृषिमा आधारित हाम्रो अर्थतन्त्रलाई उकास्ने हो भने अब कृषिमा सरकारी अनुदान अहिलेको आवश्यकता हो । कृषि उत्पादनमा वृद्धि गर्नका लागि अब किसानलाई अनुदान नदिई, मल, बिउ र उपकरणमा अनुदान नदिने हो भने साना किसानले आफैँले लगानी गर्न सक्ने आर्थिक अवस्था छैन । अब उत्पादन प्रणालीमा सबैलाई आबद्ध गर्ने, श्रमको सम्मान गर्ने र किसानलाई उत्साही बनाएर कृषिलाई सम्मानित पेसाका रूपमा अघि बढाउने अभियानमा स्थानीय सरकारहरू अघि बढ्नु आवश्यक छ ।

बाली बिमा, पशु बिमा, पशुपक्षीपालन आदि बिमाजस्ता क्रियाकलापमा स्थानीय सरकारको लगानी आवश्यक छ । यी काम गर्न सक्यौं भने कृषि क्षेत्रको व्यावसायिकीकरण र उत्पादन वृद्धि भई खाद्य संकट समाप्त हुनेछ । साथै, देशको कुल गार्हस्थ उत्पादनमा वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा समेत योगदान गर्नेछ ।

### कृषि उत्पादनको प्रशोधन, खरिद, भण्डारण तथा वितरण व्यवस्थापन

कृषिमा लगानी गरिसकेपछि उत्पादित कृषिजन्य वस्तुको बजारीकरण, भण्डारण, प्रशोधन तथा वितरण व्यवस्थापनको संयन्त्र निर्माण कार्यान्वयन अहिलेको आवश्यकता हो । उत्पादित वस्तुको लागत मूल्य पनि नपाउने र कतिपय उत्पादन बिक्री नहुने र खेर जाने अवस्थाको अन्त्य गर्न कृषि उत्पादनको बजारीकरण, भण्डारण, प्रशोधन र वितरणको व्यवस्थापन गर्नु आवश्यक छ ।

उत्पादित कृषिजन्य वस्तु खरिदको सुनिश्चितता नभएसम्म किसानहरूले मिहिनेतका साथ श्रम गर्न सक्दैनन् । उत्पादित वस्तुले बजार नपाउने र गरेको लगानीसमेत खेर जाने अवस्थामा दुःख मात्रै हुने किसानको गुनासो रहँदै आएको छ । यस्तो अवस्थामा उनीहरूलाई उत्पादित कृषिजन्य वस्तु अब खेर जाँदैनन्, त्यसको बिक्री वितरण, भण्डारण र प्रशोधन सरकारले गर्छ भन्ने विश्वास सिर्जनाका लागि आवश्यक व्यवस्थापन गर्नुपर्छ ।

### प्राविधिक शिक्षालय स्थापना र सञ्चालन

हरेक पालिकाहरूले पालिकाभित्रको कम्तीमा एउटा सरकारी मावि वा उच्च माविलाई प्राविधिक शिक्षालयको रूपमा स्थापना गरी सञ्चालन गर्नु आवश्यक छ । बहुविषयक बनाएर प्राविधिक शिक्षाको सुरुआत यसै शैक्षिक सत्रदेखि अघि बढाउन आवश्यक बजेट व्यवस्था गर्ने र स्थानीय पालिकामै आवश्यक भएको र त्यही पालिकामा रोजगार सिर्जना हुने गरी यस्ता प्राविधिक शिक्षालयको स्थापना र सञ्चालनले मात्रै जनशक्तिको आवश्यकता परिपूर्ति हुन सक्छ । यसले स्थानीय रूपमै रोजगारी सिर्जना हुने कुराको सुनिश्चितता आवश्यक छ ।

स्थानीय ज्ञान, सीप र क्षमतालाई स्थानीय विकासमै लगाउने र स्थानीय तहमै रोजगारी सिर्जना गर्ने गरी सञ्चालन गर्न सके यसबाट ठूलो जनशक्ति पालिका बाहिर वा जिल्लाबाहिर वा देशबाहिर जाने युवा जनशक्तिलाई स्थानीय तहमै रोक्ने र विकास अभियानमा उसको सहभागिता गराउन योगदान गर्नेछ ।

### अभिलेख व्यवस्थापन

पालिका स्तरमा स्थानीय सरकारले गरेका कामहरूको अभिलेख व्यवस्थित गर्नु आवश्यक छ । त्यसबाहेक पालिकाको शिक्षा, स्वास्थ्य, रोजगार, ज्येष्ठ नागरिक, असहाय बालबालिकाहरू, फरक क्षमता भएका मानिसको संख्या र अवस्थालगायत स्थानीय रूपमा रहेका प्राकृतिक तथा सामुदायिक स्रोतको अभिलेखीकरण आवश्यक छ ।

आफ्नो उत्पादन बिक्री गर्ने, १२, ९, ६, र ३ महिना खान पुग्ने जनसंख्या, दैनिक श्रम गरेर खाने जनसंख्या, दीर्घरोगी, कामका लागि देशभित्रै बाहिर जाने र वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख व्यवस्थापन गर्न सकियो भने मात्रै हामी विभिन्न विपद्को समयमा उनीहरूको संरक्षण र सहयोग गर्न सक्छौं ।

पालिकास्तरमा सबै खालका अभिलेखको व्यवस्थापनले मात्रै हामी हाम्रो विकास प्रक्रियालाई ठीक ढंगले अगाडि बढाउन सक्छौं र आवश्यक परेको बेला सहयोगको लेनदेन गर्न सकिन्छ । यो काम व्यवस्थित गर्नु आवश्यक छ ।

### अनावश्यक खर्च कटौती


अनुत्पादक तथा तत्काल प्रतिफल दिन नसक्ने योजना तथा कार्यक्रम कटौती गरी स्रोत सिर्जनाको व्यवस्थित योजना निर्माण गरी कार्यान्वयन गर्ने काममा स्थानीय सरकारहरूले विशेष ध्यान दिनु जरूरी छ । नयाँ योजना तथा कार्यक्रम तत्काल प्रतिफल दिन सक्ने र सबै कार्यक्रमबाट रोजगार सिर्जना भई स्थानीय युवाहरूलाई आ(आफ्नै पालिकाहरूमा काम गरेर, श्रम गरेर खान सक्ने अवस्थाको सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

अनावश्यक खर्च कटौती, करको दायरामा वृद्धि, स्वास्थ्य क्षेत्रमा सुधार, कृषिमा अनुदान र रोजगारी सिर्जना, सुविधासम्पन्न अस्पताल निर्माण, प्रत्येक पालिकाहरूमा कम्तीमा एक(एक वटा उद्योग स्थापना र सञ्चालन, प्रत्येक पालिकामा एक(एक वटा प्राविधिक शिक्षालय सञ्चालन गरी बेरोजगार युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । विपद् व्यवस्थापन, युवा रोजगार कोष, स्वास्थ्योपचारजस्ता कोष निर्माण र सञ्चालन गरी नेपाली अर्थतन्त्रलाई संकटबाट उठाउन सकिन्छ ।

पलपलको खबरका लागि :
thahatimes.com

## स्वास्थ्य

# अकबरे खुर्सानीका १५ गुण



नेपाललाई विश्वमै परिचित गराउने खानामध्ये एक हो, अकबरे खुर्सानी । यो खुर्सानी संसारमा कहीं पनि नपाइने, कतै पाइहाले पनि नेपालको जस्तो पिरो र स्वादिलो पाइँदैन ।

यो खुर्सानीलाई डल्ले र ज्यानमारा भनेर पनि पनि चिनिन्छ। आवश्यकताभन्दा बढी खाएमा ज्यान समेत जाने हुनाले पहाडतिर यसलाई ज्यानमारा खुर्सानी भनिएको हो ।

साधारणतयाः खुर्सानी पिरो स्वाद दिने फल हो । खुर्सानीको पिरो तत्वलाई क्याप्सिसिन र त्यो वनस्पतिलाई क्याप्सिकम भनिन्छ। अरू खुर्सानीको तुलनामा अकबरे पिरो र स्वादिलो हुन्छ । डल्ले खुर्सानीलाई विदेशीले पनि निकै चाख दिएर खान्छन् । यसले खानालाई पिरो मात्र बनाउने होइन, एक किसिमको छुट्टै खालको स्वाद दिने हुँदा खानाको स्वादमा नै भिन्न मिठास ल्याइदिन्छ ।

स्वादका साथै यो खुर्सानीले स्वास्थ्यलाई पनि व्यापक फाइदा गर्छ। नेपाली समाजमा यो खुर्सानीलाई ग्याँस्ट्रिकको दबाइ भनेर नै चिनिन्छ। वैदेशिक रोजगारी र अध्ययनका लागि विदेशिएका नेपालीले सबैभन्दा मिस गर्ने चिज नै डल्ले खुर्सानी हो भनिन्छ। त्यसैले त जोकोही आफन्त नेपालबाट जाँदा उनीहरूले अकबरे मगाएका हुन्छन् ।

नेपालका प्रायः सबै भू-भागमा अकबरे खुर्सानीको खेती हुने भए तापनि पहाडी जिल्लाहरूमा राम्रो उत्पादन हुन्छ। नेपालको पूर्वी पहाडी जिल्ला इलाम, तेह्रथुम, धनकुटा, सङ्खुवासभा, भोजपुर लगायतका जिल्लामा यसको उत्पादन धेरै हुने गर्छ। तेह्रथुमबाट २०७५ सालमा ६ करोडको डल्ले खुर्सानी निर्यात गरिएको थियो। भारतका विभिन्न परिकार बनाएर अमेरिका तथा युरोपका विभिन्न मुलुक, अस्ट्रेलिया र मलेसिया लगायतका देशहरूमा निर्यात हुँदै आएको छ। साथै यो खुर्सानी ग्याँस्ट्रिक तथा चिसो लागेका मानिसको लागि औषधिको रूपमा पनि प्रयोग हुँदै आएको पाइन्छ ।

अकबरे खुर्सानी नियमित सेवन गर्दा स्वास्थ्यलाई हुने फाइदा

- खाना पचाउने काममा विशेष सहयोग पुर्‍याएको हुन्छ ।
- माइग्रेनको समस्या समाधानका लागि पनि यो खुर्सानी अति उत्तम मानिन्छ।
- नियमित यो खुर्सानी सेवन गर्नाले केही हदसम्म क्यान्सर लाग्नबाट जोगिन सकिन्छ ।



स्थानमा निर्यात गरिने यो खुर्सानी बहुप्रयोजनका लागि हुनाले बजार सहज पाइन्छ। प्रतिकेजी ३०० देखि ४५० सम्ममा बिक्री हुने हुँदा किसानहरू पनि यो नगदे बालीमा आकर्षित भएका छन्।

खुर्सानीको वैज्ञानिक नाम क्याप्सिकम फ्रुटेसेन्स हो भने यसलाई अंग्रेजीमा रेड सभिना पेपर हवानो पेपर अर्थात् भनेर चिनिन्छ।

प्रायः भिडे खुर्सानी बाहेक सबै खुर्सानी पिरो नै हुन्छ । कुनै ज्यादा पिरो हुन्छ त कुनै कम पिरो। तर लामो खालको माछा खुर्सानी पनि खासै पिरो हुँदैन । खुर्सानी खानु केही पेटका बिमारीका लागि बेफाइदा भए तापनि यसका फाइदा धेरै छन् ।

सामान्यतयाः नेपाली भन्सामा खुर्सानी व्यापक प्रयोग हुन्छ। खुर्सानीका जात पनि दर्जनौं हुन्छन्। नेपालमा अहिले डल्ले खुर्सानीको सिजन भएका कारण जहाँतहीं यही खुर्सानी देख्न सकिन्छ। यो खुर्सानी काँचो (हरियो),पाकेको, सुकेको र अचार हालेको जुन हिसाबले पनि खान सकिन्छ। यो खुर्सानी सलादमा मिसाएर खाना सकिन्छ। त्यस्तै स्पाइसी ड्रिंक भनेर हार्ड ड्रिंक्मा समेत मिसाएर खान थालिएको छ।

अन्य खुर्सानीको तुलनामा यो खुर्सानीको अलि भिन्न स्वाद हुने हुँदा जसरी खाँदा पनि उत्तम मानिन्छ। जिब्रोलाई पिरो लागे तापनि अन्य खुर्सानीले जस्तो यो खुर्सानीले पेटमा कुनै असर गर्दैन ।

नेपालबाट अकबरे खुर्सानीको अचारजन्य

- कोल्ड फ्लुबाट बचाउन पनि धेरै हदसम्म मद्दत पुर्‍याउँछ ।
- हाड जोर्नीमा हुने दुखाइ कम गराउन पनि यो खुर्सानी नियमित खान सकिन्छ ।
- कार्डियोभास्कुलर र हार्टको समस्या हुनबाट जोगाउनमा पनि अकबरे निकै फाइदाजनक सावित छ ।
- डाइबिटिज हुनबाट जोगाउन विशेष भूमिका खेलेको हुन्छ ।
- शरीरमा रेड ब्लड सेल बढाउन विशेष मद्दत पुर्‍याउँछ।
- रगतमा चिनीको मात्रा घटाउन मद्दत पुर्‍याउँछ र सुगर रोगबाट बचाउन मद्दत गर्छ ।
- ग्याँस्ट्रिक तथा अल्सर रोग निदान हुन मद्दत गर्छ ।
- पिसाब सम्बन्धी समस्या कम गराउन सहयोग पुर्‍याउँछ ।
- अकबरे हालेर पकाएको खाना किटाणु रहित हुने हुँदा कुनै पनि तरकारीमा थोरै भए पनि यो खुर्सानी हाल्नु राम्रो मानिन्छ ।
- थकाइपन घटाएर शरीर चङ्गा बनाउन विशेष भूमिका खेलेको हुन्छ तसर्थ अल्छी लागेका बेला अकबरे खुर्सानी र नुन पिनेर कुनै पनि चिजसँग खान सकिन्छ।
- यो खुर्सानीमा क्याप्सिसिन पाइन्छ जसका कारण पेट सम्बन्धी मात्र होइन, अन्य रोगीलाई समेत फाइदा पुर्‍याउँछ।
- एलर्जी हुनबाट जोगाउन धेरै हदसम्म मद्दत गर्छ।

# ६५० प्रजातिका वनस्पतिहरूको वंशाणु स्रोत संरक्षित




◆ विकास संवाददाता

मकवानपुर जिल्लामा रहेको तीन वटा वनस्पति उद्यानहरूमा ६ सय ५० प्रजातिका वनस्पतिहरूको वंशाणु स्रोत संरक्षित रहेका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ मा रहेको वनस्पति अनुसंधान केन्द्र, मकवानपुरको थाहा नगरपालिकाको दामन र टिष्टुङमा रहेको वनस्पति उद्यानहरूमा ६ सय ५० प्रजातिका वनस्पतिहरूको वंशाणु स्रोत संरक्षित रहेका हुन् । बिभीन्न किसीमका अध्ययन, अनुसंधान, प्रविधि विकास तथा प्रवर्द्धन गर्ने उदेस्यले यस संस्थाको स्थापना गरिएको वनस्पति अनुसंधान केन्द्र, मकवानपुरका प्रमुख रघुराम पराजुलीले जानकारी दिए ।


वनस्पति विभाग अन्तरगत देशैभर जम्मा ११ वटा मध्य मकवानपुरमा मात्र तीन वटा रहेको उनले बताए । अरू सात वटा मकवानपुर जिल्ला भन्दा बाहिरका जिल्लामा छन् । वनस्पतिको स्रोत संरक्षण गर्नका लागि यस कार्यालयले प्रमुख भुमिका खेल्दै आएको पराजुलीलले बताए । यस कार्यालयमा स्वस्थानीय र परस्थानीय वनस्पतिको संरक्षण गरिदै आएको उनले बताए ।

यसैगरी वनस्पति अनुसंधान केन्दको हाता भित्र विभीन्न जडीबुटीका नर्सरी रहेका छन् । यस नर्सरीमा हर्रो, बर्रो, अमला, तेजपात, श्रखण्ड, सुगन्ध, अर्जुना, चिउरी, कट्टर, वयरका विरूवाहरू रहेका छन् ।

# पत्रकार गौतमलाई विजयवाबु स्मृति पत्रकारिता पुरस्कार

◆ विकास संवाददाता

विजयबाबु स्मृति पत्रकारिता पुरस्कार २०६८ स्व. पत्रकार गोकर्ण गौतमलाई मरणोपरान्त प्रदान गरिने भएको छ । स्व विजयबाबु खत्रीको नवौँ स्मृति



दिवसमा शुक्रबार आयोजित कार्यक्रममा नेपाल समाचार केन्द्र प्रा.लि.का अध्यक्ष लक्ष्मी श्रेष्ठ खत्रीले दिवंगत पत्रकार गौतमलाई पुरस्कार दिने घोषणा गरेकी हुन् ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यको संयोजकत्वमा गठित छनोट समितिले स्व.पत्रकार गौतमलाई दोस्रो विजयबाबु स्मृति पत्रकारिता पुरस्कार दिने निर्णय गरेको अध्यक्ष श्रेष्ठले जानकारी गराइन् । २०७५ मंसिर १२ गते अक्षय कोष स्थापना गरी घोषणा गरिएको पुरस्कारको राशि ३४ हजार रूपैयाँ छ । पुरस्कार मंसिर २४ गते प्रदान गरिनेछ ।

मकवानपुरको छतिवन घर भएका पत्रकार गौतमको ३१ वर्षको उमेरमा यही मंसिर ४ गते निधन भएको हो ।

# हेटौंडामा बाँझो जमिन उपयोगमा ल्याउने किसानलाई सहयोग कार्यक्रम

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका भित्रमा बषौदेखि बाँझो रहेका खेतबारीहरू उपयोगमा ल्याउनका लागि चालु आर्थिक वर्षमा कार्यक्रम ल्याइएको छ । बाँझो जग्गालाई खनजोत गर्ने र तरकारी, अन्नबाली उव्जनी गर्ने किसानलाई प्राथमिकता दिएर कार्यक्रम ल्याइएको उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले बताए ।

बाँझो जग्गा उपभोग कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा दश लाख रूपैयाँ छुट्याइएको र आवश्यक परेमा अझै बजेट थप गरिने मेयर महतले बताए । खेती योग्य जमिन बाँझो राखेर विदेश जाने, रोजगारीका लागि भौतारिने, अरू दैनिक श्रम गर्ने प्रचलन बढेकाले आफ्नै खेतबारीमा लाग्ने किसानका लागि यो कार्यक्रम ल्याइएको हो ।

हेटौंडाका साबिकका ११ वटा वडामा व्यक्तिका जग्गा थोरै भएपनि पछी थपीएका वडामा बाँझो जमिन राखेर बिदेश जाने धेरै छन् । यसलाई उपयोगमा ल्याएर खेतियोग्य वनाउनका लागि किसानलाई प्रोत्साहित गरिएको मेयर महतले बताए ।

## बालि क्षतिपूर्ति अनुदानका लागि दश लाख

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा बालि क्षतिपूर्ति अनुदानका लागि दश लाख रूपैयाँ सम्म सहयोग गर्ने भएको छ । किसानले आफ्ना बारी र खेतमा लगाएका बालि कुनैपनी कारणबाट उब्जनी नभएमा क्षतिपुर्ति दिनका लागि भनेर दश लाख रूपैयाँ छुट्याएको मेयर हरि बहादुर महतले बताए ।

किसानले खेतबारीमा लगाएका उव्जनीमा कहिले बिउ कमसल परेर उव्जनीनै नहुने र कहिले कुनैपनि खालका रोग देखापरेर पनि नफल्ने भएकाले किसानको राहतका लागि यो कार्यक्रम ल्याइएको उनले बताए ।

**यसैबीच** हेटौंडा उपमहानगरपालिका क्षेत्रका साना किसानका लागि सहयोगका विभीन्न कार्यक्रम ल्याइएको छ । साना किसानका लागि लक्षित गर्दै गाई प्रर्वदन, बाख्रा, बंगुर, पाडा, पाडी प्रर्बदन कार्यक्रम गर्न लागिएको उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले बताए ।

नगरका विभीन्न क्षेत्रमा लागत साझेदारीमा गाई प्रर्वदन कार्यक्रम गर्नकालागि २१ लाख ३३ हजार रूपैयाँ बजेट छुट्याएको र त्यही अनुसार काम गरिने मेयर महतले वताउनुभयो । त्यसैगरी लागत साझेदारीमै बंगुर प्रर्वदन कार्यक्रमका लागि चालु आर्थिक वर्षमा १० लाख रूपैयाँ छुट्याएर काम गर्न लागिएको उनले जानकारी दिए ।

हेटौंडामा साना र व्यावसायीक बाख्राको उत्पादन पकेट विकास कार्यक्रम गरिने भएको छ । चालु आर्थिक वर्षमा उपमहानगरपालिकाले १५ लाख रूपैयाँ छुट्याएर यो कार्यक्रम गर्न लागिएको मेयर महतले बताए । यसैगरी कृषि र पशुपंक्षि सम्वन्धी तथ्याङ्क अध्यावधिक कार्यक्रम पनि यो वर्ष गर्न लागिएको छ । यसका लागि एक लाख रूपैयाँ बजेट समेत छुट्याइएको छ ।

हेटौंडामा मिनी डिजीटल मोवाइल माटो ल्याव स्थापना तथा परिक्षणका लागि ससर्त अनुदान बापत ५ लाख रूपैयाँ उपलब्ध गराउन लागिएको छ । युवालाई पनि कृषिमा लगाउने गरी प्रोत्साहनका कार्यक्रम ल्याइएको छ । यसका लागि ड्रागन खेतीका लागि प्रोत्साहन गर्न २ लाख रूपैयाँ बजेट समेत छुट्याइएको उनले बताए ।

# हेटौंडा अस्पतालमा आइ.सि.यु




◆ विकास संवाददाता

मकवानपुरको हेटौँडामा रहेको एकमात्र सरकारी अस्पतालको रूपमा हेटौँडा अस्पतालमा १५ मंसिरबाट आइसियु सेवा सञ्चालन हुने भएको छ ।

अस्पताल विकास समितिका अध्यक्ष प्रकाश पौडेलका अनुसार मंसिर १५ बाट सात शैय्याको आइसियु तथा १० शैय्याको एचडियु सेवा सञ्चालन हुनेछ । आइसियुको अभावमा अस्पतालमा उपचारको लागि आएका बिरामिहरूलाई रिफर गर्ने गरिएको थियो । आइसियु तथा एचडियु सेवा शुरूवात भएपछि अस्पतालमानै रहेका विभिन्न अप्रेसनहरू समेत गर्न सकिने अध्यक्ष पौडेलले बताए ।

आइसियुको अभावमा सामान्य अप्रेसन समेत गर्न नसकिने समस्या झेल्दै आएको अस्पताललाई यो समस्याबाट मुक्ति मिलेको उनले बताए ।

# प्रदेश सभाहल हेटौडामा शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडामा बागमती प्रदेश स्तरीय सभाहलको शिलान्यास गरिएको छ ।

प्रदेश सरकारले ५ करोड रूपैयाँको लागतमा निर्माण सुरू गरेको सभाहलको बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले बुधबार एक कार्यक्रमकाबीच शिलान्यास गरेका छन् । सभाहल निर्माणको शिलान्यास गर्दै मुख्यमन्त्री पौडेलले प्रदेश राजधानीमा आधुनिक सभाहलको आवश्यकता भएका कारण सुविधा सम्पन्न सभाहल निर्माण गर्न लागिएको बताए ।

हेटौंडा उपमहानगरपालिका हाताभित्र रहेको खाली जमिनमा निर्माण सुरु गरिएको सभाहल निर्माणको जिम्मा संरक्षण निर्माण कम्पनीले लिएको छ । सो कम्पनीले २०७९ वैशाख १९ गतेसम्म निर्माण सम्पन्न गरिसक्ने गरी ५ करोड २६ लाख रूपैयाँमा ठेक्का सकारेको हो ।

# "जेष्ठ पत्रकार पेन्सन" कार्यक्रममा दश लाख सहयोग

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुरले सञ्चालन गर्न लागेको जेष्ठ पत्रकार पेन्सन कार्यक्रमका लागि १३ मंसिरमा हेटौंडा उपमहानगरपालिकाकाले दश लाख रूपैयाँ हस्तान्तरण गरेको छ ।

उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले पत्रकार महासंघ मकवानपुर साखाका अध्यक्ष हरि हुमागाँईलाई दश लाख रूपैयाँको चेक हस्तान्तरण गरेका छन् । जेष्ठ पत्रकार का लागि मासिक रूपमा पेन्सन दिनका लागि महासंघले सहयोग गर्न आग्रह गरे अनुसार दश लाख रूपैयाँ आज हस्तान्तरण गरिएको हो । मकवानपुरका पत्रकारको पेन्सन कार्यक्रमका लागि यो पहिलो सहयोग गरिएपनि यसलाई फेरी थप गरिने मेयर महतले बताए । जोखिम



मोलेर कुनैपनि बेलामा समाचार संकलन गर्ने पत्रकारका लागि उपमहानगरपालिका सहयोगि बन्नका लागि तयार रहेको उनले बताए । पत्रकारलाई परेका कुनैपनि समस्या समाधान गर्नका लागि स्थानीय सरकार हातेमालो गरेर अगाडी बढ्ने उनले बताए ।

वर्षौं सम्म पत्रकारिता गरेर अवकास लिएका पत्रकारका लागि पेन्सनको व्यावस्था गर्नका लागि महासंघले कार्यविधि बनाएर कार्यसमितिको बैठकमा छलफल चलाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहाबासीले चन्द्रागिरी हिल्सको शेयर किन्न पाउने

◆ विकास संवाददाता



चन्द्रागिरी हिल्स लिमिटेडले आगामी मंसिर १७ गतेदेखि आईपीओ निष्कासन गर्ने भएको छ । कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित स्थानीयलाई शेयर जारी गर्ने भएको हो । कम्पनीले १०० अंकित दरका ३ लाख ६ हजार ८१९ कित्ता प्रति शेयर आयोजना प्रभावित स्थानियलाई निष्कासन गर्ने भएको हो ।

पहिलो चरणमा आयोजना प्रभावित क्षेत्र काठमाडौं जिल्ला अन्तर्गत चन्द्रागिरी नगरपालिका वडा नं ३, ४, ६ र ७ (साविक थानकोट गाविसका सम्पूर्ण वडा र साविक महदेवस्थान गाविसको वडा नं. ३, ४, ५, ६, ७, ८ मात्र) एवम् मकवनपुर जिल्लाको थाहा नगरपालिका वडा नं. ९ र १० (साविक चित्लाङ गाविसकाका सम्पूर्ण वडाहरू) र इन्द्रसरोवर गाँउपालिका फाखेल गाविसका सम्पूर्ण वडाहरू) वडा नं ५ का स्थानियका लागि मात्र निष्कासन गर्ने भएको हो ।

दोस्रो चरणमा १५ लाख ३४ हजार ९१ कित्ता सर्वसाधारणका लागि सुरक्षित गरिएको छ । कम्पनीले सर्वसाधारण र स्थानियलाई गरी कुल १८ लाख ४० हजार ९१० कित्ता शेयर १८ करोड ४० लाख बराबरको आईपीओ निष्कासन गर्ने भएको हो ।

कम्पनीको बिक्री प्रबन्धकमा ग्लोबल आईएमई क्याटिल रहेको छ । इच्छुक आवेदकले १० कित्तादेखि अधिकतम ३ हजार ६० कित्तासम्म आवेदन दिन सक्नेछन् । आईपीओ निष्कासन बन्द छिटोमा पुस १ गते र ढिलोमा पुस १६ गतेसम्म रहेको छ । आईपीओ जारी पश्चात कम्पनीको चुक्तापूँजी १ अर्ब ५३ करोड पुग्नेछ ।

कम्पनीले नेपाल धितोपत्र बोर्ड (सेबोन)बाट कात्तिक २८ गते आईपीओ निष्कासन गर्न स्वीकृति पाएको हो ।

# फाखेलमा बीर बहादुरको योगदानको बहस

◆ विकास संवाददाता




नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहोराले स्वर्गीय विर बहादुर लामा नेकपाको एउटा आदर्श सदस्य रहेको बताएका छन् । पार्टीका लागि लामा महान योद्धा भएको बताउँदै तत्कालिन अवस्थामा शिला खोजेर संगठन जोगाउनु पर्ने अवस्थाका बेला पार्टी निर्माणमा स्वर्गीय लामाको योगदान अमुल्य रहेको बताए । नेता बोहोराले भने-'वीरबहादुरजी र मेरा धेरै सहकार्य र घनिष्ठता थियो, हामी एकले अर्कोलाई नजिकबाट जान्थ्यौं, उहाँ विद्रोही स्वभावको हुनुहुन्थ्यो, कुनै स्वार्थ थिएन । भाषा शैली भने केही ठाडो र खरो थियो ।'

ऐतिहासिक नख्खु जेल विद्रोहका अगुवा पुर्व सांसद वीरबहादुर लामाको निधनको २१ औं दिनमा उनको जन्मघरमा श्रद्धाञ्जली सभामा नेता बोहराले यस्तो बताएका हुन् । नेपाल कम्युनिष्ट पार्टी इन्द्रसरोबर गाँउपालिका कमिटीले स्वर्गीय लामाको इन्द्रसरोवर फाखेल स्थित निवासमै आयोजना गरेको कार्यक्रममा जीवनका अन्तिम घडिमा पार्टीको लाइनमा अविचल रहने सन्दर्भमा केही त्रुटी भएपनि उनको जीवनभरको संघर्ष र योगदानको तुलनामा त्यो गल्ति गौण मानिने नेता बोहराको ठहर थियो । लामाले कम्युनिष्ट आन्दोलनलाई कमजोर पार्नमा जीवनको अन्तिम अवस्थामा पनि कहिल्यै भूमिका नखेलेको बताए । स्वर्गीय लामालाई आफ्नै मूल घरमा फर्काउने प्रयास जारी रहेको र त्यसमा केही ढिलाई हुँदा स्वास्थ्यले गाँज्दै ल्याएपछि उनले नै मृत्युपछि कम्युनिष्ट पार्टीको हँसिया हथौडा अंकित झण्डा ओढ्ने इच्छा अभिव्यक्त गरेकै आधारमा पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालद्धारा नेकपाको झण्डा ओढाइएको पनि नेता बाहोराले स्पष्ट पारे ।

पार्टीको केन्द्रीय कमिटी बैठक समेत भूमिगत बेलामा लामाकै घरमा बसेका स्मरण गर्दै नेता बोहोराले लामा, उनको परिवार र समग्र फाखेलबासीको योगदानकै कारण पार्टी यो अवस्थामा आइपुगेको बताए । अहिले सोही पार्टीकै सरकार केन्द्र, प्रदेश र स्थानीय तहमा रहेकाले उनको योगदानको चिरस्थायी राख्न विभिन्न कामहरू गरिनुपर्ने धारणा राखे । कार्यक्रममा बाग्मती प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठले वीर बहादुर लामा सादा जीवन उच्च विचार का हक्कि योद्धा भएको स्मरण गर्दै उनीसंग आफ्नो विकासका सवालमा सहकार्य भएको बताए ।

२०४९ सालमा लामा मकवानपुर जिल्ला विकास समितिको सभापति भएका बेला आफु काठमाडौं जिल्लाको सभापति भएको बताउँदै विकासमा दुबै जिल्लालाई जोड्ने योजना आफुहरूले अघि सारेको बताए । प्रदेश सांसद तथा नेकपाका केन्द्रीय नेता माधवप्रसाद पौडेलले पुराना दिनहरूको स्मरण गर्दै लामाको योगदान चिरस्थायी बनाउन सबै तहका सरकारले पहल थाल्नुपर्ने बताए ।

नेकपा केन्द्रीय सदस्य तथा सांसद विरोध खतिवडाले तत्कालिन एमालेमा रहँदा केही समित नेताका व्यवहारका कारण स्वर्गीय लामामा वितृष्णा बढेको बताउँदै उनले कहिल्यै एमालेप्रति पुर्वाग्रह नराखेको अनुभव सुनाए । उनीप्रति आफ्नो तर्फबाट सधैं सद्भाव र सम्मान रहेको बताँउदै नेता खतिवडाले आफु उठेको क्षेत्रमा लामाका तर्फबाट सहयोग भएकाले नै आफुले चुनाव जितेको समेत खुलासा गरे । कार्यक्रममा केन्द्रीय सदस्य तथा प्रदेश सांसद कुमारी मोक्तानले स्वर्गीय लामालाई महान लालयोद्धा भन्दै उनी साँचै बहादुर र वीर दुबै भएको बताइन् ।

स्वर्गीय लामाले कम्युनिष्ट, गणतन्त्र र संघीयताको कहिल्यै खिलाफमा काम नगरेको भन्दै स्वर्गीय लामाले कुनै गल्ति नगरेको जिकिर गरे । नेकपा मकवानपुरका अध्यक्ष तथा प्रदेश सांसद मुनु सिग्देलले पार्टीबाट अलग भएपनि नेकपा अघि बढाउन साथ र सहयोग दिनु नै स्वर्गीय लामाको महान काम भएको बताइन् ।

कार्यक्रममा नेकपा मकवानपुरका सचिवालय सदस्य तथा इन्द्रसरोवरका इन्चार्ज रामचन्द्र बल लामाले स्वर्गीय लामाले कम्युनिष्ट आन्दोलनमा अतुलनीय योगदान गरेको तर उपचार समेत भरपर्दो नभएर त्यस्ता महान योद्धालाई गुमाउनु परेको तितो तथ्य स्मरण गर्दै उनको योगदान चिरस्थायी पार्न आफुहरूले प्रयार गर्ने बताए ।

कार्यक्रममा वडा अध्यक्ष तथा नेकपा इन्द्रसरोवरका नेता धनविर स्याङ्तान, पुराना भूमिगत योद्धा अमृतमान लामा, गाँउपालिका अध्यक्ष ऋषि पुडासैनी लगायतले स्वर्गिय लामाको योगदानको चर्चा गरेका थिए ।

कार्यक्रममा नेकपा प्रदेश सदस्य महेश्वर सुबेदी, प्रदेश सल्लाहकार लालकुमार केसी, मकवानपुर जिल्ला समन्वय समितिका उपप्रमुख भगवती पुडासैनी, प्रेस संगठन नेपालका केन्द्रीय सदस्य, नेपाल पत्रकार महासंघ काठमाडौंका अध्यक्ष शन्तराम बिडारी, युवा नेता सुनील मोक्तान, मेम्वर तामाङ, जिल्ला कमिटी मकवानपुरका सदस्य गौतमवुद्ध लामा, नेता केदार बल, राजप्रकाश भण्डारी, नेकपा थाहाका नेता किरणमान बल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन इन्द्रसरोवर गाउँपालिका अध्यक्ष तथा नेकपा मकवानपुरका जिल्ला नेता जीवन लामाले संचालन गरेका थिए ।

# इन्द्रसरोवरमा जल महोत्सवको चर्चा



◆ विकास संवाददाता

बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलको विशेष उपस्थितीमा मकवानपुरको इन्द्रसरोवर (कुलेखानी) तालमा जल महोत्सव गर्ने विषयमा छलफल भएको छ । मन्त्री फुयालको प्रमुख आतिथ्यमा इन्द्ररोवरमा ७ मंसिरमा इन्द्रसरोवर २ भएको कार्यत्रममा एक महिने जल महोत्सव आयोजना गर्ने विषयमा छलफल भएको हो ।

आन्तरिक तथा बाह्यि पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले इन्द्रसरोवर र थाहा नगरपालिका मिलेर यो महोत्सव गर्दा पर्यटन प्रवर्द्धनमा ठूलो योगदान मिल्ने मन्त्री फुयाँलको भनाइ रहेको थियो । जल महोत्सवको थप कार्ययोजना निर्माणका लागि इन्द्रसरोवर गाउँपालिकाको मार्खुमा १२ मंसिर दिउँसो ३ बजे बैठक बस्ने समेत तय भएको मन्त्री फुयाँलले जानकारी दिए । बैठकमा थाहा नगरपालिकाका प्रमुख उपप्रमुख, भिमफेदी र इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरूको समेत सहभागिता रहने तय भएको छ ।

छलफलमा जनप्रतिनिधिहरू, उद्यमी व्यवसायीहरू, उपभोक्ता समितिका प्रतिनिधिहरू, सहकारी संस्थाका प्रतिनिधिहरूलाई समेत सहभागिताको लागि आव्हान गरिएको छ । जल महोत्सवका लागि इन्द्रसरोवर जलाशय वरिपरिको भागलाई सौन्दर्यीकरण गर्ने, वृक्षारोपण गर्ने, सरसफाई अभियान चलाउने, सडक सुधार गर्ने लगायतका कामहरू गर्ने योजन ाबनेको छ । यसका लागि जनश्रमदान र सामाजिक संस्थाहरू परिचालन गर्न गाउँपालिकाले मध्यस्तता गर्ने र प्रदेश सरकारले सडक स्तरोन्नतिको काम गर्ने ७ मंसिरको छलफलमा निर्णय भएको छ ।

त्यस्तै इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामाले जलाशय निर्माणको क्रममा निधन भएकाहरूको स्मृतिमा कुलेखानीमा बनेको स्मारकलाई उद्यानको रूपमा विकास प्रदेश सरकारलाई अनुरोध गरे । अध्यक्ष लामाले भने-'सके प्रदेश सरकारले नै उद्यान निर्माणमा सहयोग गर्न पऱ्यो, नत्र प्रदेश मन्त्रालय मार्फत संघीय रक्षा मन्त्रालयको सहयोगमा बन्ने गरी मन्त्री ज्यूले सहयोग गरिदिनू पऱ्यो ।'

यसैबीच मदनभण्डारी मार्ग अन्तर्गत देउराली-कुलेखानी-कलंकी-फाखेल-हुमानेसम्मको सडक स्तरोन्नति गरिने मन्त्री फुयाँलले बताएका छन् । बोलपत्र भइसकेको सडकको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई मन्त्री फुयाँलले निर्देशन समेत दिएका छन् ।

छलफलमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामा, वडा अध्यक्षहरू, स्थानीय व्यक्तित्वहरू लगायतकाको सहभागिता रहेको थियो ।


# भीमफेदीको दुर्गममा सडक पुग्यो

◆ विकास संवाददाता



भीमफेदी गाउँपालिकाले प्रत्येक वडा कार्यालयसम्म पुग्ने गरी सडक निर्माणलाई प्राथमिकता दिए अनुसार भीमफेदी-८ महभिर मा सडक पुगेको छ ।

यसअघि सडक पहुँच नभएका कारण गाउँमा उत्पादन भएका कृषि सामग्री बोकेरै बजार सम्म ल्याउने गरेका थिए । महभिर बासीलाई अब यो दु:ख हटेको छ । गाउँपालिकाले महभिर लगायतका दुर्गम गाउँसम्म पुग्ने सडकको ट्र्याक खोलेपछि स्थानीय गाडि चढेरै भीमफेदी बजार र हेटौंडा आउन पाउने भएका छन् । सडकको प्रगति बारे स्थलगत निरीक्षणको क्रममा पुगेका प्रतिनिधिसभा सदस्य बिरोध खतिवडा, गाउँपालिका अध्यक्ष हिदम लामालाई स्थानीयले सडक ल्याएको भन्दै धन्यवाद दिएका थिए । सडक सञ्जालले नजोडिएका कारण गाउँका अधिकांशले उपचारको अभावमा ज्यान गुमाउनु परेको थियो । भिमफेदी गाउँपालिकाले दुइबर्ष लगाएर एक करोड ५० लाख लागतमा सडक गाउँसम्म पुऱ्याएको हो ।



# को हुन् "चन्द्र ढकाल"

चन्द्रप्रसाद ढकाल

चन्द्रप्रसाद ढकालले १४ मंसिर बिहान नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष जिते । अब उनले शेखर गोल्छापछि महासंघको अध्यक्ष बन्ने पक्का गरेका छन् । बाग्लुङको बलेवा, अमलाचौरका जन्मिएका चन्द्रको भुइँबाट उठेर सफलताको यो उचाइसम्म आइपुगेका व्यक्ति हुन् । उनको जीवन कथा थाहा पाउन विगतमै फर्किनुपर्छ ।

बाग्लुङको एक विकट गाउँका एक किशोर चन्द्र एसएसली दिइरहेकै बेला बुवाको मायासँगै सुखद् भविष्यको आडभरोसा समेतलाई कालीगण्डकीमा सेलाउन विवश पात्र हुन् । घाटबाट घर फर्कंदै चन्द्रको मनमा एकमात्र कुरा खेलेको थियो-आमा र भाइ बहिनीलाई जस्तोसुकै मूल्यमा दुःखबाट टाढा राख्ने ! त्यसरी १६ वर्षको उमेरमा खुसीमाथि ग्रहण लागेका चन्द्रले आमा र भाइबहिनीप्रतिको त्यो प्रतिवद्वताकै बलमा जिन्दगीमा पूर्णमास ल्याएका छन् ।

आफूलाई नेपालका सफलतम् व्यावसायीहरूको सूचीमा पार्न सफल उनी मेहनत र आँटको बलमा यो मुकाममा आइपुगेका हुन् । 'जिन्दगीमा सोचेजस्तो केही हुँदैन', ढकाल भन्छन्, 'तर योजनावद्व सोच, मेहनत र आँटको सम्मिश्रण भयो भनेचाहिँ नसोचिएको सफलता पनि हात लाग्दोरहेछ ।' काठमाडौं पानीपोखरीस्थित भव्य कार्यालयमा ब्यस्त दैनिकी गुजारिरहेका ढकालले जिन्दगीमा योजनावद्व सोच र आँटका साथ अविश्राम मिहेनत गरे । अधिकांश नेपाली घरपरिवारसँग जोडिएको रेमिट्यान्ससँग पनि उनको मिहेनतको थोरै साइनो छ । उनको रेमिट्यान्स कम्पनी आईएमईसँग अपरिचित नेपाली कमै होलान् ।

आईएमई ग्रुपका संस्थापक रहेका ढकाल नेपाल उद्योग वाणिज्य महासंघमा सदस्य,उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्ष बनेका छन्, अब अर्को पाली अध्यक्षा बन्ने सुनिश्चित भएको छ । ढकाल चन्द्रगीरि हिल्स लिमिटेड लगायतका कम्पनीहरू चलाउँदै देशको उद्योग-वाणिज्य क्षेत्रलाई सहजीकरण गर्ने नीतिगत व्यवस्थाको लागि लबिङ पनि गर्दै आएका पात्र हुन् । व्यावसायिक सफलताको यो उचाईमा उनी अमलाचौरको धरातल भने कहिल्यै बिर्सँदैनन् । भन्छन्, 'मेरा हर सफलताको आधारशीला त्यही अमलाचौर हो ।'

निम्न मध्यमवर्गीय परिवारमा जन्मिएका हुन्, चन्द्र ढकाल । उनको बाल्यकाल आम गाउँले बालबालिकाको जस्तै रह्यो । दैनिक धुलो-हिलो, दाउरा-घाँस, मेलापात जीविकोपार्जनको माध्यम थियो । त्यस्तो परिस्थितिमा घरपरिवारको मुख खाँबो टुटेपछि १६ वर्षका जेठो छोराले कलिलो काँध थाप्नुपर्ने भयो ।

त्यो बेला उनी कर्तव्य पुरा गर्ने अठोटबाहेक अरू केही गर्न सक्दैनथे । उनी त्यो विकल्परहित दायित्व पुरा गर्ने कोसिसमा लागे । बुबाको असामयिक निधनपछि पारिवारिक दायित्वको भारीले थिचिन पुगेका उनी एसएलसी परीक्षामा अनुत्तीर्ण भए । त्यसमा धेरै चिन्तित नभई र नहड्बडाई लगनका साथ आफ्नो कर्ममा लागे । त्यसबेला एकमात्र ध्याउन्न थियो-आमा र भाइवहिनीलाई अभावबाट टाढा राख्नू । उनको त्यो मेहनेत आज राष्ट्रिय समृद्धिका अनेकन प्रयासहरूमा जोडिन आइपुगेको छ ।

'म यहाँ आइपुग्न हिँडेको थिइनँ । त्यतिबेला मेरा भाइबहिनीलाई कसरी पढाउने, समस्याबाट कसरी जोगाउने भन्नेमा केन्द्रित थिएँ,' ढकाल सम्झन्छन्, 'मेरो जम्माजम्मी एउटै ध्येय थियो- आमा र भाइबहिनीको खुसी । त्यसैका लागि काठमाडौंतिर हान्निएको थिएँ ।'


ढकालले पेप्सीकोला वितरक कम्पनी स्वस्तिक हेरिटेजमा जागिरे जीवन सुरू गरे । घरमा खर्च पठाउँदै पढाई अगाडि बढाए । हातमा सर्टिफिकेट परेपछि राष्ट्रिय वाणिज्य बैंकको सहायक लेखापालमा नाम निकाले । वाणिज्य बैंकमा करिब चारवर्ष काम गरेपछि व्यवसाय पनि थाल्ने आँट गरे ।

काम गर्दै जाँदा आत्मविश्वास पनि बढ्ने ढकालको अनुभव छ । 'हामी विश्वका दुई ठूला बजार भारत र चीनको बीचमा छौं', भावी योजना सुनाउँदै उनी भन्छन्, 'अब हामी उत्पादनमुलक उद्योग क्षेत्रमा लगानी बिस्तार गर्ने योजनामा छौं ।' अब उनको काँधमा निजी क्षेत्रको नेतृत्व गर्ने जिम्मेवारी अझै बढेको छ । 'अब महासंघ एक ढिक्का भएर निजी क्षेत्रको समस्या समाधानमा अघि बढ्छ,' उनी भन्छन् ।


## NOVEL CORONA VIRUS (nCOV)

सर्बसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू


ज्वरो
(१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने


यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने


जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने


पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने


**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म वैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी